म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ९० २०८० फागुन ६ गते आइतबार 18 February 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## लागुऔषध चरेससहित कालिराज पक्राउ

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-२, भैँसेबाट प्रहरीले २० किलो लागुऔषध चरेससहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा थाहा नगरपालिका-८, देवीथान बस्ने १५ वर्षीय तेज बहादुर कालिराज रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । शुक्रबार बिहान ११ बजेर ३० मिनेटको समयमा पालुङबाट हेटौँडातर्फ आउँदै गरेको ना ८ ख ३५६१ नम्बरको यात्रुबाहक बसलाई रोकी सुरक्षजाँच गर्दा बसमा सवार कालिराजको साथबाट २० किलो लागुऔषध चरेस फेला पारेको थियो । लागुऔषध चरेससहित कालिराजलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जानकारी दिएको छ ।

# नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय सम्मेलन सुरु



*सम्मेलनको उद्घाटन गर्नुहुँदै प्रा.डा. देवराज अधिकारी ।*

समाज संवाददाता

हेटौँडाः नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका लागि आयोजना गरिएको अन्तर ाष्ट्रिय सम्मेलन शनिबार हेटौँडामा सुरु भएको छ। आइतबारसम्म सञ्चालन हुने सम्मेलनमा शैक्षिक संस्था सञ्चालक, उद्यमी/व्यवसायी र प्राध्यापक/विद्यार्थीबीच नवप्रवर्तन र उद्यमशीलता विकासका विषयमा अन्तर क्रियात्मक कार्यशाला हुनेछ।

हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको आयोजना तथा सरोकारवाला विभिन्न निकायको साथ र सहयोगमा आयोजित सम्मेलनमा नेदरल्याण्ड र भारतबाट पनि प्रतिनिधि सहभागी छन्। शनिबार बिहान हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको व्यवस्थापन समिति अध्यक्ष देवप्रसाद श्रेष्ठको अध्यक्षता तथा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीको प्रमुख आतिथ्यमा सम्मेलनको उद्घाटन समार ोह भएको थियो ।

उद्घाटन समारोहमा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमार ी लामाको पनि आतिथ्य रहेको थियो । सम्मेलनमा नेदरल्याण्ड, भारत र नेपालका विज्ञहरुले नवप्रवर्तन र उद्यमशीलताको अवधारणा, विश्व परिवेश, सम्भावना र अवसरका विषयमा अन्तरक्रिया गर्नेछ । सम्मेलनको अवसरमा नवप्रवर्तन र उद्यमशीलतामै आधारित भएर विभिन्न परियोजनाको प्रस्तुती पनि राखिने छ ।

शनिबार बिहानको उद्घाटन समार ोहलाई सम्बोधन गर्दै विदेशी तथा स्वदेशी विज्ञहरुले उत्तरआधुनिक समयमा सूचना प्रविधिसँगै कृत्रिम वौद्धिकताको समय आइपुग्दा नवप्रवर्तन र उद्यमशीलतालाई गम्भीर र नयाँ ढंगबाट बुझ्न जरुरी भएको उल्लेख गरेका थिए। सम्मेलनमा विभिन्न खण्डमा बहस हुनेछ । सम्मेलनबाट नेपालमा नवप्रवर्तन र उद्यमशीलताको अवस्था र आगामी सम्भावनाका विषयमा जानकारी प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा आयोजकको छ ।

## ११ जनाको आँखामा मोतिविन्दु

समाज संवाददाता


हेटौंडाः शनिबार मनहरीको सुनचुरीमा भएको निःशुल्क आँखा जाँच शिविरमा ११ जनामा मोतिविन्दुको समस्या देखिएको छ। शिविरमा जाँच गराएका १ सय ४३ जनामध्ये ११ जनामा मोतिविन्दु देखिएको हो ।

हेटौंडा सामुदायिक आँखा अस्पताल, रोटरी क्लब अफ मकवानपुर र काठमाडौं मिड टाउनको संयुक्त आयोजनामा शिविर भएको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो। शिविरमा अस्पतालले २० जनाको आँखामा मोतिविन्दु देखिने लक्ष्य बनाएको थियो ।

## उद्धार गरिएका देउलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मानवसेवा आश्रमले सडकमा बेसहारा अवस्थामा उद्दार गरिएका एक ज्येष्ठ नागरिकको मृत्यु भएको छ। शनिबार बिहान साढे ७ बजेको समयमा ८० वर्षीय शंकर देउलाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । २०७९ साल फागुन १० गते रात्रीकालिन सेवाका क्रममा हेटौंडाबाटै उद्दार गरी आश्रममा राखिएका देउलाको शनिबार बिहान मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।




## बागमती गोल्डकप-२०८०

## जावलाखेललाई हराउँदै मच्छिन्द्र सेमिफाइनल प्रवेश

समाज संवाददाता

फापरबारी (बागमती): पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत शनिबार तेस्रो क्वार्टरफाइनल खेल सम्पन्न भएको छ । बागमती-८ स्थित जनता माविको खेलमैदानमा जावलाखेल युथ क्लबलाई टाइब्रेकरमा ३-१ गोलअन्तरले हराउँदै मच्छिन्द्र युथ क्लब सेमिफाइनल प्रवेश गरेको छ ।

निर्धारित समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। जावलाखेल बागमती गोल्डकपको तेस्रो संस्करणको विजेता हो भने मच्छिन्द्र दोस्रो संस्करणको उपविजेतासमेत हो । म्यान अफ द म्याच मच्छिन्द्र क्लबका प्रदिप भण्डारी घोषित भए । मच्छिन्द्रले फाइनल प्रवेशका लागि न्यू रोड टिम (एनआरटी) सँग प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिता अन्तर्गत अन्तिम क्वार्टरफाइनल खेल आइतबार आयोजक बागमती खेलकुद विकास समिति र विभागीय टोली त्रिभुवन आर्मी क्लबबीच हुनेछ ।

प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ। यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछ।

## लागुऔषध चरेस र सालकको खपटासहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका-९, टिपटारबाट मकवानपुर प्रहरीले लागुऔषध चरेश र सालकको खपटासहित ३ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा थाहा नगरपालिका-७ डाँडाबास घर भई निपटारस्थित डेरा गरी बस्ने ३५ वर्षीय टेक बहादुर गोले, ३० वर्षीय दिलिप कुमार गोले र ३१ वर्षीया सविता गोले पाखिन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

शुक्रबार लागुऔषध (चरेस) र सालकको खपटा लुकाई छिपाई राखेको छ भन्ने विशेष सूचनाको आधारमा प्रहरी टोली खटी गई घरमा खानतलासी गर्दा घर भित्र लुकाई छिपाई राखेको अवस्थामा लागुऔषध चरेश १० किलो र १ किलो सालकको खपटा फेला पारेको थियो । लागुऔषध चरेस र सालकको खपटासहित तीनै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय पालुङमा लगिएको प्रहरीले जानकारी दिएको छ ।






## सम्पादकीय

# न्यून आन्तरिक आय

वर्तमान संविधानअनुसार देशमा तीन तहको सरकार क्रियाशील छ । मुलुक संघीय संरचनामा गएपछि राज्य पुनर्संरचना गरेर ७ सय ५३ वटा स्थानीय तह बनाइएको छ । ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २ सय ७६ वटा नगरपालिका र ४ सय ६० वटा गाउँपालिका रहेका छन् । सबै स्थानीय तहहरु अधिकारसम्पन्न भए पनि कतिपय स्थानीय तहको आन्तरिक आम्दानी भने ज्यादै न्यून रहेको छ । वार्षिक ५० करोड रुपैयाँको हाराहारीमा बजेट सार्वजनिक गर्ने कतिपय स्थानीय तहको आन्तरिक आम्दानी भने एक करोड रुपैयाँ पनि हुँदैनन् । स्थानीय तहहरुले संघ तथा प्रदेश सरकारबाट प्राप्त गर्ने सशर्त र अन्य शीर्षकका बजेटमा आफ्नो तहभित्रको आन्तरिक आयसमेत समावेश गरी बार्षिक बजेट बनाउने गर्दछन् । संविधानले स्थानीय तहहरुलाई विभिन्न अधिकार प्रदान गरी केही शीर्षकमा कर तथा राजस्व असुलीको जिम्मेवारी दिए पनि अधिकांश स्थानीय तहहरुको आन्तरिक आय न्यून रहेको छ ।

मकवानपुर जिल्लाको कैलाश गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो ६ महिनामा जम्मा २० लाख रुपैयाँमात्र आन्तरिक आम्दानी गरेको छ । गाउँपालिकाको १३ औं गाउँसभामा चालु आर्थिक वर्षमा २० लाख रुपैयाँमात्र आन्तरिक आम्दान गर्न सफल भएको बताइएको छ । चालु आर्थिक वर्षमा एक करोड ११ लाख रुपैयाँ आन्तरिक आय प्राप्त गर्ने लक्ष्य राखेको पालिकाले लक्ष्यको १८ प्रतिशतमात्र आन्तरिक आम्दान गर्न सकेको हो । कैलाश गाउँपालिकाले चालु आर्थिक वर्षका लागि २७ करोड ६४ लाख रुपैयाँ बजेट विनियोजन गरेकोमा त्यसमा संशोधन गरेर २८ करोड ५१ लाख रुपैयाँ पुऱ्याएको छ । पालिकाको कुल बजेटको ४ प्रतिशत पनि आन्तरिक आय प्रस्ताव गरिएको छैन । अझ हालसम्म भएको आन्तरिक आम्दानी कुल बजेटको एक प्रतिशत पनि रहेको पाइँदैन । पालिकाको आन्तरिक आय न्यून रहँदा स्थानीय आवश्यकताअनुसारका योजनाहरु कार्यान्वयन गर्न कठिनाइ हुने गरेको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिकाको आन्तरिक आय पनि कुल बजेटको करिब १० प्रतिशतमात्र रहेको छ । झण्डै सवा दुई अर्बको बजेट ल्याएको हेटौंडा उपमहानगरपालिकाको आन्तरिक आय २६ अर्बमात्र हुने लक्ष्य राखिएको छ । थाहा नगरपालिकाले झण्डै ९९ करोड रुपैयाँको बजेट सार्वजनिक गरेकोमा आन्तरिक आय ८ करोड ५४ लाख प्राप्त हुने लक्ष्य रहेको छ । थाहा नगरपालिकाको आन्तरिक आय कुल बजेटको करिब ८ प्रतिशत हुने अनुमान छ । इन्द्रसरोवर गाउँपालिकाले ल्याएको करिब ४४ करोडको बजेटमा ३ करोड ४१ लाख आन्तरिक आय प्रक्षेपण गरिएको छ, जुन ८ प्रतिशतभन्दा कम छ । चालु आर्थिक वर्षका लागि झण्डै ८२ करोडको बजेट ल्याएको बकैया गाउँपालिकाले ११ करोड आन्तरिक आयको लक्ष्य राखेको भए पनि उक्त लक्ष्य हासिल हुने सम्भावना देखिन्न । अघिल्लो आर्थिक वर्ष करिब ९ करोड आन्तरिक आयको लक्ष्य राखेको पालिकाले ५ करोड पनि आम्दानी गर्न नसकेको हुँदा चालु आर्थिक वर्षमा ११ करोड आन्तरिक आय गर्न सहज छैन ।

कुनै पनि पालिकाको आन्तरिक आय त्यहाँका स्रोत साधनमा निर्भर रहन्छ । तर, आन्तरिक आय बलियो नहुँदासम्म स्थानीय सरकार सबल बन्न सक्दैन । संघ र प्रदेश सरकारको बजेटमा मात्र निर्भर पालिकाले जनचाहनाबमोजिम पर्याप्त काम गर्न सक्दैन । यसका लागि पालिकाहरुको आन्तरिक आय वृद्धि गर्नु आवश्यक छ । सिमित बजेटमा जनताको अपेक्षाअनुसार काम गर्न सकिँदैन । पालिकाहरुले स्थानीय स्तरमा रहेका आम्दानीका स्रोतको खोजी तथा उपयोग गरेर आन्तरिक आय वृद्धि गर्नुपर्छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको भरमा स्थानीय सरकार सञ्चालन हुँदासम्म स्थानीय सरकारले जनअपेक्षाअनुसार काम गर्न सक्दैन भने जनताको स्थानीय सरकार भएको अनुभूति पनि गर्न सक्दैनन् । संघीयताको मर्म र भावनासँगै स्थानीय सरकारको औचित्य पुष्टि गर्न आन्तरिक आय वृद्धिमा ध्यान दिनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : प्रशासनिक समस्या उत्पन्न हुने समय योग छ । |
| **वृष** | : कला र कमेडीमा झुकाव बढ्ने समय छ । |
| **मिथुन** | : मानसिक रुपमा सबल र सक्षम भइने छ । |
| **कर्कट** | : यात्रा र विलासितामा समय व्यतित होला । |
| **सिंह** | : आश्वासन र लोभमा नभुल्दा राम्रो रहन्छ । |
| **कन्या** | : धार्मिक र सामाजिक काममा मन जाला । |
| **तुला** | : बौद्धिक क्षमताको सदुपयोग नहुने योग छ । |
| **वृश्चिक** | : प्राज्ञिक क्षेत्रको रमाइलो यात्रा योग होला । |
| **धनु** | : व्यापार–व्यवसायको काममा दौडधूप होला । |
| **मकर** | : घरायसी समस्याले मानसिक तनाब । |
| **कुम्भ** | : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् । |
| **मीन** | : हाँके–ताकेका कामहरु पूर्ण हुने समयको योग छ । |

# ‘यतै हल्लिने’हरु माथिको अपमान

**समाजमा उद्यमी भन्दा जागिरे ठूला भन्ने भाष्य निर्माण भयो । अझ गाउँमै केही गर्नेलाई त “यतै हल्लिनेहरू” को उपमा दिन थालियो । जुन देशमा स्वदेशमा उद्यमी बन्ने र चुनौती स्वीकार्नेलाई सम्मान हुँदैन, त्यहाँ अरू के हुन्छ ?**



✍रामचन्द्र उप्रेती

नेपालमा व्यावसायिक वातावरण नभएका कारण उद्योग, व्यवसाय फस्टाउन र रोजगारीको सिर्जना हुन सकेन । सीपको विकास भएन, उत्पादन बढेन । अनि बजारमा नेपाली उत्पादनको अभाव भएपछि उपभोक्ताले विदेशी सामान खरिद र उपभोग गर्ने नै भए ।

उपभोक्ताको माग भएपछि बजारमा आयातकर्ता व्यवसायीले सामानको आपूर्ति गरिरहे । सरकार कुन वस्तुमा कति भन्सार लगाउने भनेर नीति बनाउँदै भन्सारबाट भएको आम्दानीमा मख्ख परेर बस्यो ।

सन् १९९० को दशकपछि नेपालीलाई भारत बाहेकका देशमा पनि रोजगारीका लागि जाने बाटो खुल्यो । नेपाली युवा विभिन्न कारणले विदेशिने क्रम बढ्यो । विदेश पुगेकाले कसरी पैसा पठाए त्यो खासै देखिएन र सुनाएनन् पनि तर पठाएको पैसा देखियो ।

त्यो पैसाले घरको गर्जो टारेको, घडेरी किनेको, ऋण तिरेको, घर ठड्याएको, मोटरसाइकल गुडेको, विवाहमा खुलेर खर्च गरेको, छोराछोरी निजी बोर्डिङका लागि टाई लगाएर स्कुल बस चढेको, घरमा ठूलो टिभी र भान्सामा फ्रिज भित्रिएको, हात-हातमा स्मार्ट फोनको कमाल गाउँ र आफन्तले देखे, स्कुल कलेज पढ्दै गरेका किशोर-किशोरी र युवाले देखे । व्यवहार धान्न सकस महसुस गरिरहेका अभिभावकले देखे ।

विदेश गएकाले पैसा पठाए । यस्ता परिवारको गाउँ-शहरमा शान बढेको सबैले महसुस गरे । त्यसैले आफैं विदेश जाने, छोराछोरी ठूला भएपछि विदेश पठाउने, आफैं ठूलो भएपछि विदेश जाने, कमाउने र रमाउने सपना गाउँमा सबैले देख्न थाले ।

जब सबै युवाको सपना विदेश जाने बन्न थाल्यो, लगभग सबै अभिभावक आफ्ना सन्तानको भविष्य विदेशमा नै देख्न थाले । अनि देशमा बस्ने, व्यवसायको बारेमा सोच्ने, उद्यम गर्ने, व्यवसाय सिक्ने, तदनुरूपको शिक्षा र सिकाइको खोजी गर्ने कोही भएन । अनि चुनौती स्वीकार्ने, अवसर खोज्ने र देख्ने कुराको अन्त्य हुँदैगयो । देशमा नै केही गरिन्छ, गर्न सकिन्छ भन्ने सपना मर्दै गयो ।

शहरका गल्ली-गल्लीमा ‘म्यानपावर कम्पनी’ खुले । ठूलाठूला होर्डिङ बोर्ड जतातततै राखेर विदेशका सपना बाँडिए । सामाजिक सञ्जाल, इलेक्ट्रोनिक मिडिया, पत्रपत्रिका जतातततै विज्ञापनको बाढी आयो । गाउँ-गाउँमा यस्ता म्यानपावरका एजेन्टहरू खडा गरिए । त्यति मात्रै होइन, स्कुल, कलेजहरूमा नै विदेशको सपना बाँड्न थालियो । मानौं विदेश नजानेहरू, जान नसक्नेहरू, गाउँमै केही गर्नेलाई ‘यतै हल्लिनेहरू’ को उपमा दिन थालियो ।

जुन देशमा, जुन समाजमा, जुन परिवारमा अधिकांश युवा जे सोच्ने गर्छन् त्यो देश, त्यो समाज र त्यो परिवारको भविष्यको बाटो तिनै युवाको सोचमा आधारित भएर अगाडि बढ्ने गर्छ । जुन देश, समाज, परिवारका युवाले आफ्नै देशमा, आफ्नै ठाउँमा केही गर्न सकिन्छ भन्ने विश्वास गुमाउँछन्, कुनै सम्भावनाको खोजी नै गर्दैनन्, प्रयास नै गर्दैनन्, सम्भावना नै देख्दैनन् त्यो समाज, त्यो देशमा कसरी उद्यमशीलताको विकास हुन्छ ?

यसै पनि हाम्रो समाज, हाम्रो देश, हाम्रा परिवारमा उद्यमशीलता एवम् व्यवसायको आधार, इतिहास, सीप, शिक्षा, विश्वास निकै कमजोर छ । निर्वाहमुखी कृषि पेशा र प्रणालीले धानेको परिवार तथा समाजको नयाँ पुस्ताका लागि निर्वाहमुखी कृषिबाहेक जे गरे पनि नयाँ नै हो ।

यसरी समाजको नयाँपिंढी निर्वाहमुखी कृषिबाट तीव्र गतिमा विस्थापित भइरहेको छ र यो स्वाभाविक हो । आधुनिक विकासको नियम पनि हो । यस्तो नयाँ पुस्ताका लागि जुनसुकै काम नयाँ र चुनौतीले भरिएको नै हुन्छ ।

किनकि उसले पारिवारिक विरासतबाट नयाँ व्यवसाय र पेशाको अनुभव गर्न पाएको हुँदैन । सिकाउने, अनुभव सुनाउने, गाइड गर्ने परिवारका अभिभावक हुँदैनन् । उद्यम र व्यवसायका मर्महरूमा सिद्धान्तले भन्दा धेरै व्यवहारले बाटो देखाउने गर्छ ।

उद्यम एवम् व्यवसायमा सामेल हुनु भनेको एउटा जटिल प्रक्रियामा जोडिनु हो । यसमा लगानी, इमानदारी, विश्वसनीयता, धैर्य, सीप, सहनशीलता, विनम्र, तटस्थ, निरन्तरता, दूरदर्शिता, निरन्तर सिकाइ, नयाँ खोज-अनुसन्धान, आशा आदि कुराको आवश्यकता पर्दछ ।

यो प्रक्रिया पार गरेर सफलता पाउन, सफलतामा टिक्न र सफलतालाई उचाइतर्फ हिंडाउन खास चिन्तन, चेतना, आचरण, एकाग्रता, समर्पण आदि चाहिन्छ । यो जो-कोहीमा हुँदैन । त्यसैले धेरैले सजिलो बाटो रोज्ने गर्छन् । यो भनेको अरूले लगाएको, अह्राएको, देखाएको, गर भनेको काम गर्ने हो ।

यस्तो काम भनेको स्वदेशमा होस् वा विदेशमा जागिर खानु वा श्रम बेच्नु हो । जागिरमा लागेपछि, एक महिना काम गरेपछि त्यो कामको पैसा आउँछ । अरू कुरा काम लगाउनेले जान्ने हो । श्रम बेच्नेको पनि यस्तै हो । धेरै टाउको दुखाउनुपर्दैन । धेरै परे अलिअलि गाली खाने हो ।

जे भए पनि यो सजिलो र कम जोखिमको बाटो हो । त्यो पनि यस्तो काम गर्दा स्वदेशमा अरूले देख्ने, चियो गर्ने र विदेशमा भए कसैले नदेख्ने जे गरे पनि हुने । त्यसैले परिवार र स्वयम्को हकमा पनि विदेशको बाटो रोजाइको विषय बन्ने गर्छ ।

धेरैलाई लाग्न सक्छ यहाँ कामको कुनै अवसर नै छैन । व्यवसाय गर्न लगानी गर्ने पूँजी छैन, बैंकले पत्याउँदैन । व्यवसाय गर्ने वातावरण छैन, जतातततै अवरोध र झन्झट मात्रै छ । उत्पादित वस्तुको बजार छैन, आदि ।

यसमध्ये केही कुरा मात्रै सत्य हुन् । व्यवसाय गर्न पूँजी सहजै जुटाउन सक्ने र पूँजीको आधार बलियो भएकाहरू पनि विदेश नै जान मरिहत्ते गर्छन् । पाँच, दश लाख होइन बीस, तीस लाख, चालीस, पचास लाख रुपैयाँ दलाललाई बुझाएर गैरकानुनी बाटोबाट विदेश जानेहरू पनि छन् ।

बैंकले ऋण दिन सबैभन्दा पहिला ऋणीको आचरण, काम गर्ने क्षमता, गरेको काममा सफल हुने सम्भावना, कामको अनुभव हेर्ने गर्छ । नयाँ व्यवसाय गर्न चाहनेहरूसँग अनुभव हुँदैन । यस्ता अनुभव नभएकाहरू सानो लाग्ने, थोरै पूँजीमा हुने, सिकेर व्यवसाय गर्ने जस्ता काम गर्न खासै रुचाउँदैनन् ।

तर, उनीहरू ऋण लिएर ठूलो काम गर्ने भन्छन् । अनुभव नभएकाहरू र खर्चिलो जीवनशैली भएकाहरू असफल हुने सम्भावना धेरै भएकाले बैंक, वित्तीय संस्था लगानी गर्न हच्किने गर्छन् । लगानी गरिहाल्दा पनि पर्याप्त धितो लिनु बैंक वा वित्तीय संस्थामा भएको सर्वसाधारणको निक्षेपको सुरक्षा गर्नु हो । ऋणीलाई पूर्ण जिम्मेवार बनाएर मात्रै लगानी गर्नु बैंक वा वित्तीय संस्थाको बाध्यता हो ।

उद्यम व्यवसाय गर्नेहरूले केही झन्झटिलो प्रक्रिया पार गर्नुपर्ने हुन्छ । यो नेपाली समाजको मानसिकता र सरकारको कमजोरी हो । व्यवसाय गर्न केही न केही प्रक्रिया पूरा गर्नुपर्छ यसलाई सामान्य रूपमा लिन सक्नुपर्छ । सरकारले पनि व्यवसाय गर्न चाहनेलाई सहजीकरण गर्नुपर्छ ।

तर व्यवसाय गर्न चाहनेले सामान्य प्रक्रिया पूरा गर्न झमेला मान्ने, सरकारी नीति र कर्मचारीको रवैया पनि सहयोग गर्नेभन्दा अल्झाउने र पैसा झार्ने देखिन्छ । यसलाई सुधार गर्नुपर्छ ।

सामाजिक मनोविज्ञान कस्तो बनेको छ भने अलि ठूलो उद्योग, उद्यम, व्यापार-व्यवसाय गर्नेहरू सर्वसाधारणलाई ठगेर, झुक्याएर, खोसेर धनी भएका हुन् । यस्ताले सधैं लुट मच्चाउँछन् । यस्ताहरू पैसा कमाउन मात्रै आएका हुन् । त्यसैले यस्तालाई सकेसम्म करकापमा पारेर, धम्क्याएर, अवरोध सिर्जना गरेर पैसा लिनुपर्छ ।

यस्ता उद्योग, उद्यमी र व्यवसायीले कस्तो र कति योगदान गरेका हुन्छन् भन्ने बारेमा खासै चर्चा कसैले गर्दैनन् । कति रोजगारी सिर्जना भयो, कति उत्पादन भयो, यो उद्योग नभएको भए यसले उत्पादन गर्ने समान विदेशबाटै आयात हुन्थ्यो होला, कति सीपको विकास भयो, राज्यलाई कति कर तिरेको होला । यस्ता कुराको कतै चर्चा हुँदैन ।

उद्योग गर्नु र उद्यमी बन्नु सम्मानको कुरा हो । यसले देश, समाज, परिवारलाई निरन्तर योगदान गरिरहेको हुन्छ भनेर उद्यम गर्नेलाई सम्मानित नजरले हेर्ने, सम्मान गर्ने, सहयोग गर्ने वातावरण बनाउन हामी सबै लाग्नुपर्छ ।

समाजमा उद्यम गर्नेभन्दा जागिर खाने मानिस ठूला हुन् भन्ने भाष्य वर्षौंदेखि निर्माण भएको छ । त्यसमा पनि सरकारी जागिरमा भएका मानिसको शान, मान, पहिचान उच्च छ । अझ उनीहरूको कमाइ पनि आकर्षक देखेकाहरू उद्यमी बन्ने सोच राख्नुभन्दा जागिरे बन्ने सोच नै राख्छन् ।

अनि सरकारी जागिर जुटाउन नसक्नेहरू अरूतिरका जागिर ताक्छन् । त्यो पनि जुरेन भने विदेशिनु नै निको मान्छन् । यसरी हाम्रो सामाजिक मान्यता नै जागिर खाने वा श्रम बेच्न विदेश जाने भन्ने बन्यो । पढ्न विदेश जानेको सोच पनि विदेशमा श्रम बेच्ने वा जागिर खाने नै हो ।

यसरी जब कसैको सोच स्वदेशमा उद्यमी बन्न मिहिनेत गर्ने, चुनौती स्वीकार्ने, गरेरै छाड्ने हुँदैन तब देशमा केही हुँदैन, वातावरण नै छैन भन्ने बाहेक यहाँ के हुन्छ र ?

उद्यम गर्ने उद्यमी, व्यवसाय गर्ने व्यवसायी लगायत कुनै पनि पेशा व्यवसायका लागि सधैं राम्रै मात्र हुन्छ भन्ने हुँदैन । आन्तरिक समस्या धेरै हदसम्म आफ्नै कारणले आउँछ । बाह्य कारण भनेको काबु बाहिरको परिस्थिति हो । जस्तै, २०७२ सालको महाभूकम्प, कोभिड-१९, आर्थिक मन्दी, आदित्यादि ।

बाह्य कारणले सिर्जना भएको दबाब थेग्न धेरै उद्यमी व्यवसायीलाई सकस परेको छ । यो बेला नयाँ-नयाँ उद्यमी व्यवसायी झन् संकटमा हुने नै भए । उद्यम व्यवसाय सुरु गर्ने सोच बनाएर बसेकाहरू अरूको अवस्था देखेर कुनै आँट गर्न सकिरहेका छैनन् ।

अहिले अवस्था प्रतिकूल छ तर सधैं प्रतिकूल नै हुन्छ भन्ने होइन । अनुकूल भएपछि काम गरौंला भनेर पर्खने र अहिले केही नगरी बस्नु पनि समय बर्बाद गर्नु हो । प्रतिकूलतालाई अनुकूलतामा परिणत गर्ने प्रयास गर्नुपर्छ ।

कुनै पनि सरकारका लागि आफ्नो राज्यमा धेरैभन्दा धेरै सफल उद्यमी एवम् व्यवसायी हुनु राज्यका लागि हितकर हुन्छ । रोजगारी वृद्धि हुन्छ, उत्पादन बढ्छ, कच्चा सामानको खपत हुन्छ, सीपको विकास हुन्छ, आयात घट्छ, निर्यात बढ्छ, करबाट राज्यको आम्दानी बढ्छ, उद्यमीले अर्को उद्यमी नै जन्माउँछ, आदि ।

त्यसैले राज्यले उद्यमी जन्माउन, उद्यमीको विकास गर्न, उद्यमीलाई आकर्षित गर्न, उद्यमीलाई सफल पार्न प्रयास गर्नुपर्छ । यस्तो सहयोग गर्न र उद्यमीका समस्या सुन्न सक्ने अवस्था तब आउँछ जब सरकारले उद्यमीको महत्व बुझ्ने गर्छ ।

जब सरकारले उद्यमीको महत्व बुझ्न सुरु गर्छ तब उद्यमीलाई आकर्षित गर्न सरकारले विभिन्न प्रकारका छुट र सहुलियत दिने गर्छ । उद्यमीलाई व्यवसाय गर्न झञ्झट नहोस् भनेर प्रयास गरेको हुन्छ । उत्पादनमा अनुदान, सस्तो मूल्यमा बिजुली, सस्तो मूल्यमा घरजग्गा उपलब्ध गराउने, ब्याजमा अनुदान दिने, निश्चित अवधि करमा छुट दिने आदि आकर्षक प्याकेज घोषणा गरेका हुन्छन् ।

नेपालमा तीन तहको सरकार बनेको छ । सरकार चलाउन पुगेका जनप्रतिनिधिले उद्यम व्यवसायको महत्व र यसले आफ्नो क्षेत्रमा पुऱ्याउन सक्ने योगदानको बारेमा बुझ्न आवश्यक छ । नबुझ्दासम्म जनप्रतिनिधि र सरकार चलाउने मानिस पनि उद्यमी-व्यवसायीसँग चन्दा, कर असुली गर्ने । आफ्ना मानिसलाई जागिर खुवाउने ध्याउन्नमै हुन्छन् । यो चरित्र भनेको उद्यमी व्यवसायीले आफ्नो क्षेत्रमा पुऱ्याएको आर्थिक योगदानको बारेमा सचेत नभएर हो ।

हाम्रो हकमा तीनै तहका सरकारले अब पनि अर्थतन्त्रको अवस्था बुझ्न र उद्यमी व्यवसायीलाई आकर्षण, संरक्षण, सहयोग र सम्मान गर्न ढिला गर्नुहुँदैन । युवा पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने किसिमको वातावरण तयार गर्नुपर्छ ।

सम्मान, उत्प्रेरणा, संरक्षण र सहयोगले युवापुस्तालाई उद्यमी, व्यवसायी बन्न आकर्षण गर्नेछ । अहिले पनि विदेशबाट फर्किएका, विदेश नगएर यतै केही गर्ने र भविष्य बनाउन भनेर लागेका युवा छन् । उनीहरूलाई निराश हुनबाट जोगाउनुपर्छ । अनुकूल वातावरण निर्माणमा सबैको सहयोगको आवश्यकता छ ।

अहिले यस्ता युवालाई यहीं केही गर्न सकिन्छ भन्ने विश्वास दिलाउन सके एक दशकमा हामीले राम्रै अवस्था निर्माण गर्न सक्छौं । यहाँ व्यवसाय र उद्यम गर्ने वातावरण नै नभएको होइन बरु वातावरण बनाउन हामी नलागेका हौं । भएको सम्भावना नदेखेका हौं, व्यवसाय र उद्यमलाई टिकाउन चाहिने आँट र जोखिम लिने क्षमताको कमी हो ।

यस्तै उद्यमी व्यवसायी बन्ने चिन्तन र चरित्र निर्माणमा कमी भएको हो । अहिले प्रतिकूलता छ तर सबैले व्यवसाय र उद्यम छाडेर भागेका छैनन्, चुप लागेर बसेका छैनन् । आज प्रयास जारी राखेकाहरूले, आफूलाई टिकाइ राख्नेहरूले भविष्यमा अवश्य राम्रो गर्नेछन् । प्रतिकूलतामा टिक्नेहरूले नै अनुकूलतामा फड्को मार्ने छन् ।

*(स्रोत: अनलाईनखबर)*

# समृद्ध समाजका वाईबालाई उदीयमान पत्रकार सम्मान

समाज संवाददाता

हेटौंडाः हेटौंडाबाट प्रकाशन हुँदै आइरहेको समृद्ध समाज राष्ट्रिय दैनिकका संवाददाता रवीन्द्र वाइबा सम्मानित हुनुभएको छ। न्यू मिडिया एकेडेमी प्रालि र पावर ईन्टरनेशनल मिडिया नेपालको संयुक्त आयोजनामा भएको पाँचौं राष्ट्रिय जर्नालिज्म अवार्ड-२०८० मा वर्ष उदयीमान पत्रकारिता पुरस्कारबाट नगद ५ हजार रुपैयाँसहित वाइबालाई सम्मान गरिएको हो ।



शुक्रबार भएको अवार्ड वितरण कार्यक्रममा अग्रज पत्रकारिता पुरस्कारबाट राष्ट्रिय समाचार समितिका कृष्णराम परियारलाई सम्मान गरिएको छ। सञ्चार उद्यमी पत्रकारिताबाट सामुदायिक रेडियो पालुङका ध्रुवराज ढकाल, हेटौंडा सन्देश राष्ट्रिय दैनिकका सम्पादक माधव न्यौपाने र नेशनल गोल्ड टेलिभिजनका उज्जवल चौलागाईं सम्मानित हुनुभएको छ ।

यस्तै, विधागततर्फ टेलिभिजन पत्रकारिता पुरस्कारबाट मनिल महतो, अनलाइन पत्रकारिता पुरस्कारबाट अनिरुद्र खबरका अनिल पराजुली र चलचित्र पत्रकारिता पुरस्कारबाट रातो समाचार डटमका राजेश थापा गरिब, ग्रामीण पत्रकारिता पुरस्कारबाट सुनिता विष्ट, खोज पत्रकारिता पुरस्कारबाट नवीन तिमल्सिना र खेलकुद पत्रकारिता पुरस्कारबाट बिक्रम बानियाँ क्षेत्री सम्मानित हुनुभएको छ । सम्मानित सबै पत्रकारले नगद ५ हजार रुपैयाँ सहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

१० हजार रुपैयाँसहितको उत्कृष्ट पत्रकार पुरस्कारबाट महिलातर्फ सरिता दहाल र पुरुषतर्फ गणेश दुलाल सम्मानित हुनुभएको छ। परशुराम स्मृति सम्मानसहित सर्वोत्कृष्ट पत्रकारिता पुरस्कारबाट होम कार्की सम्मानित हुनुभएको छ ।

नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतको सभाध्यक्ष तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा जर्नालिज्म अर्वाड कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँको पनि विशिष्ट आतिथ्य रहेको थियो ।

# पेट्रोलिम ढुवानी व्यवसायीको अध्यक्षमा पुनः शिवाकोटी



समाज संवाददाता

हेटौंडाः मध्यमाञ्चल पेट्रोलिम ढुवानी व्यवसायी संघको अध्यक्षमा दीपक शिवाकोटी पुनः निर्वाचित हुनुभएको छ। शिवाकोटी चौथो कार्यकालको लागि निर्विरोध अध्यक्ष निर्वाचित हुनुभएको हो ।

शिवाकोटीको नेतृत्वमा संघको २१ सदस्यीय कार्यसमिति चयन भएको छ । पेट्रोलियम ढुवानी संघको बरिष्ठ उपाध्यक्षमा नारायण सुवेदी, उपाध्यक्षमा केशवप्रसाद आचार्य, असगर अलि हवारी र विशाल बखती रहनुभएको छ । महासचिवमा रामचन्द्र लुईटेल चयन हुनुभएको छ । यस्तै, सचिवमा पुष्प मैनाली, सहसचिवमा जलादिन मिया र कोषध्यक्षमा प्रकाश बर्तौला रहनुभएको छ ।

संघको सदस्यहरुमा रामप्रसाद कालाखेती, देवराज पाण्डे, गौरीकान्त पाठक, क्षेत्र सिं स्याङ्तान, मुराहरिप्रसाद साह, रहमत मियाँ, कृष्णमान श्रेष्ठ र रोहन रहनुभएको छ। नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको रहनेछ ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# प्रज्वल शिक्षा सदनका अभिभावक सम्मानित

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, चौघडास्थित प्रज्वल शिक्षा सदन इंग्लिस स्कूलको अभिभावक दिवस शनिबार भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु रिमालको अध्यक्षता तथा वडा अध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यमा अभिभावक दिवस मनाइएको हो । अभिभावक दिवसको अवसरमा विद्यालयले अभिभावकलाई सम्मान गरेको छ ।

आफ्ना बाबुनानीलाई नियमितरुपमा पोषिलो खाजा पठाउने सुमित्रा विष्ट, सुनिता थापा र अमृत थापालाई विद्यालयले सम्मान गरेको छ । बालबालिकाको सरसफाईमा ध्यान दिने अभिभावक शान्ता आले र कोपिला पौडेलसँगै नियमित शूल्क बुझाउने पूर्ण कुमारी बस्नेत, रिता गुरुङ र अनिषा घिसिङलाई पनि सम्मान गरिएको छ। विद्यालय उत्कृष्ट शिक्षकको रुपमा इरा गुरुङलाई सम्मान गरेको छ । अभिभावक दिवसमा विद्यार्थीले नृत्य, गायन कला प्रस्तुत गरेका थिए ।

विद्यालयले वार्षिक खेलकुद कार्यक्रमअन्तर्गत फागुन १ गते र फागुन ३ गते विविध खेलकुद कार्यक्रम गरेको थियो । खेलकुद प्रतियोगितामा विजयी विद्यार्थीलाई अभिभावक दिवसको अवसरमा पुरस्कृत गरिएको छ। विद्यालयले बस चालक, सहचालक, कार्यालय सहयोगीलाई पनि सम्मान गरेको छ। गुठी मार्फत सञ्चालित विद्यालयमा ५ कक्षासम्म पठनपाठन हुन्छ। अहिले एक सय ५१ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयका प्रिन्सीपल गणेशकुमार श्रेष्ठले विद्यालयको वस्तुस्थितिबारे जानकारी गराउनुभएको थियो ।

# सिद्धार्थ शिशु सदनको अभिभावक दिवस

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनको ४४औं अभिभावक दिवस शुक्रबार सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवराज अर्यालको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा अभिभावक दिवस समारोह भएको हो । कार्यक्रममा विद्यार्थीले नृत्य, गायन, नाट्य, वाद्यवादन, उद्घोषण कलाका साथै खेल कौशल प्रस्तुत गरेका थिए ।

अभिभावक दिवसको अवसरमा २०७९ सालको एसईईमा उत्कृष्ट नतीजा हासिल गर्ने विद्यार्थी, विद्यार्थीको विषयगत उत्कृष्ट नतीजा हासिल गर्न सहयोग गर्ने शिक्षकलाई सम्मान गरिएको थियो । कार्यक्रममा कक्षागत अभिभावक सम्मान समेत गरिएको थियो। अभिभावक दिवसमा विद्यार्थीले विज्ञान, सामाजिक, गणित विषयको प्रदर्शनी गर्नुका साथै खानाका स्टल पनि विद्यार्थीले नै सञ्चालन गरेका थिए ।

कार्यक्रममा वडा अध्यक्ष सुशील घिमिरे, वडा सदस्य रञ्जिता सिलवाल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को केन्द्रीय समिति सहकोषाध्यक्ष ग्रेस श्रेष्ठ, मकवानपुर जिल्ला अध्यक्ष विनोद सुवेदी, हेटौँडा उपमहानगर समितिका अध्यक्ष रामकुमार श्रेष्ठको पनि आतिथ्य रहेको थियो ।

# तासिरको वार्षिकोत्सव तथा अभिभावक दिवस




समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीस्थित तासिर इंग्लिस सेकेण्डरी स्कूलको २०औं वार्षिकोत्सव तथा अभिभावक दिवस शनिबार सम्पन्न भएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिठ्ठे बहादुर कार्कीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह भएको हो। कार्यक्रममा वडाअध्यक्ष दामोदर गौतमको पनि आतिथ्य रहेको थियो ।

वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रममा रोबोटिक, विज्ञान तथा प्रविधि, नेपाली साहित्य, अंग्रेजी साहित्य, स्थानीय प्रविधि तथा खेल स्टलहरु राखिएका थिए। कार्यक्रममा विद्यार्थीले नृत्य, गायन, नाट्य, उद्घोषण कला प्रस्तुत गरेका थिए । वार्षिकोत्सवको अवसरमा २०७९ सालको एसईईमा जिपिए ४ सहित जिल्ला प्रथम हुने विद्यार्थी डाफिन राईकालाई ५० हजार पाँच सय ५५ रुपैयाँ, जिपिए ३.९५ सहित जिल्ला द्वितीय हुने विद्यार्थीहरु प्रवल थापा र सुयोग अर्याललाई जनही १० हजार एक सय ५५ रुपैयाँ नगदसहित सम्मान गरिएको थियो । विद्यालयले शिक्षक, कर्मचारी र विद्यार्थीलाई सम्मान गरेको छ।

अभिभावक दिवसको अवसरमा विद्यालय प्रिन्सीपल विनोद थपलियाले विद्यालयको उपलब्धी, अवस्था र आगामी योजनाका बारेमा जानकारी गराउनुभएको थियो । प्रिन्सीपल थपलियाले विद्यार्थीका लागि सिक्दै कमाउँदै कार्यक्रम जारी राख्ने उल्लेख गर्नुहुँदै प्राथमिक तहका विद्यार्थीको प्रभावकारी सिकाईका लागि उपयुक्त योजना बनाइएको दावी गर्नुभयो।

# देउराली सावउसमा मैनाली



समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-९ स्थित देउराली सामुदायिक वन उपभोक्ता समुहको २० औं साधारण भेलाले नयाँ नेतृत्व चयन गरेको छ । शनिबार राजेन्द्र बर्तौलाको सभाध्यक्षता तथा भीमफेदी गाउँपालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो । साधारणसभाबाट वन समूहको अध्यक्षमा प्रकाश मैनाली निर्वाचित हुनुभएको छ ।

समूहको उपाध्यक्षमा मंसिर माया गोम्वा, सचिवमा अरूण बर्तौला, सहसचिवमा राजकुमार पुडासैनी, कोषाध्यक्षमा संगीता थापा, सदस्यमा गुणराज बर्तौला, पर्वत पुडासैनीसहित ११ सदस्यीय समिति सर्वसम्मत चयन गरिएको छ । कार्यक्रममा सब-डिभिजन वन कार्यालय भैंसेका प्रमुख कुसुम नेपाल, भीमफेदी गाउँपालिका-९ का वडा अध्यक्ष प्रकाश पुडासैनी, वडा सदस्य एवम् भीमफेदी गाउँपालिकाको न्यायिक समितिका सदस्य उदय प्रसाद हट्वाल र वासुकी आधारभूत विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष राजकुमार पुडासैनी लगायतको उपस्थिति रहेको थियो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सेवा करार लिने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मितिः २०८०/११/०६ गते*

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरको आ.व २०८०।०८१ को स्विकृत कार्यक्रम अनुसार यस कार्यालयमा देहायको पदमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ ले तोकेको ढाँचामा फाराम भरी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १/२०८०-०८१ | पाचौं | फार्मेसी सहायक | स्वास्थ्य | फार्मेसी | १ (एक) |

**१. योग्यता**

क) नेपाली नागरिक हुनुपर्ने ।

**ख) न्यूनतम योग्यताः**

- लोकसेवा आयोगले माथि उल्लेखित पदका लागि निर्धारण गरेको न्युनतम शैक्षिक योग्यता पूरा गरेको ।
- विदेशी शिक्षण संस्थाको हकमा समकक्षता प्रमाणपत्र समेत पेश भएको ।
- प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता र नवीकरण भएको ।
- प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।
- भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

**ग) उमेर हदः**

- १८ बर्ष उमेर पूरा भई ३५ वर्ष उमेर ननाघेको । महिलाको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

**घ) आवश्यक कागजातहरू-** आवेदक स्वयंले देहाय बमोजिमको प्रतिलिपिहरु

- नेपाली नागरिकताको छायाप्रति,
- शैक्षिक योग्यताको प्रमाणपत्रको छायाप्रति,
- नवीकरणको म्याद ननाघेको सम्बन्धित काउन्सिल दर्ताको प्रमाणपत्रको छायाप्रति,
- चारित्रक प्रमाणपत्रको छायाप्रति,

**२. दरखास्त दस्तुरः**

- ७००।- सात सय मात्र ।
- फारम दस्तुर राजश्व शिर्षक नं. १४२२४, राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय हेटौंडामा रहेको जिल्ला आयुवेद स्वास्थ्य केन्द्र मकवानपुरको (कार्यालय कोड ३७००१३२१७३) बैंक खाता नं. १०००१००२०००१०००० मा जम्मा गरि सक्कल भौचर पेश गर्नु पर्ने छ ।

**३. दरखास्त दिने स्थानः**

- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुर, बागमती प्रदेश ।

**४. छनौट गर्ने तरिका**

- अन्तरवार्ता

**५. करार अवधी**

२०८१ आषाढ मसान्त सम्म

६. दरखास्तको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्टसम्म म्याद हुनेछ र म्याद सकेको भोलिपल्ट सम्पर्क मिति हुनेछ र सोहि दिन अन्तरर्वार्ताको परिक्षाको मिति तोकिने छ ।

७. छनौट भएका उम्मेदवारहरूको पदस्थापना योग्यता क्रमको आधारमा हुने छ ।

८. थप जानकारीको लागिः ०५७-५२०६८१ ; p3mosd.dahcmakwanpur@gmail.com

## विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता

# सिद्धार्थलाई हराउँदै भुटनदेवी फाइनलमा




समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा जारी स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताको पहिलो सेमीफाइनल खेलमा हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनलाई हराउँदै साविक विजेता समेत रहेको हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय फाइलमा प्रवेश गरेको छ।

हेटौंडा-४ स्थित हुप्रचौरमा शनिबार भएको खेलमा सिद्धार्थ शिशु सदनलाई २ सय ३ रनले पराजित गर्दै भुटनदेवीले फाइनलमा आफ्नो स्थान पक्का गरेको हो । टस जितेर पहिलो ब्याटिङ गरेको भुटनदेवीले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा २ सय ३४ रन बनाएको थियो । भुटनदेवीबाट नरेन्द्र अधिकारीले ३१ बलमा ८६ रन र कृष्णा यादवले ५८ बलमा ८२ रन बनाए । भुटनदेवीबाटै नसिम शेखले २६ रन र सुमीत यादवले १४ रन बनाए। सिद्धार्थबाट विनोद साहले ३ विकेट लिन सफल भएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको सिद्धार्थले ११ ओभर ३ बलमा सबै विकेट गुमाएर ३२ रन मात्र बनाउन सफल भयो । सिद्धार्थबाट कार्तिक गिरीले ६ रन मात्र जोड्न सफल भए । भुटदेवीको तर्फबाट सजिद अलि खानले ३ विकेट लिए। ऋतिक यादव र नसिम शेखले समान २-२ विकेट लिए। भुटनदेवीले समुह चरणको ४ खेलमा अपराजित रहँदै ८ अंकसहित तालिकाको शिर्ष स्थानमा रहँदै सेमीफाइनलको यात्रा तय गरेको थियो ।

म्यान अफ द म्याच नरेन्द्र अधिकारी घोषित भए। सोमबार उपाधिका लागि भुटनदेवीले हेटौंडा एकेडेमी र आधुनिकबीचको विजेतासँग प्रतिस्पर्धा गर्नुपर्नेछ। प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ।

# मोटरसाइकल अनियन्त्रित हुँदा कुमरको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका-९, आँपडाँडामा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा २३ वर्षीय बेचु कुमर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

शुक्रबार बिहान ६ बजेको समयमा मदन भण्डारी राजमार्गको डकाहाबाट दुधौलीतर्फ जाँदै गरेको कुमरले चलाएको प्र १-०५-००१ प ६२८६ नम्बरको मोटरसाइकल र ५५ वर्षीय हरि राउतले चलाएको स १० प ३९०९ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाएको थियो। मोटरसाइकल ठोक्किँदा दुबै मोटर साइकलको चालक घाइते भएका थिए।

कुमरले चलाएको मोटरसाइकल अनियन्त्रित भई सडकबाट १० फिट तल खेतमा खसेको थियो । घाइते दुबैलाई उपचारका लागि कटारी सरकारी हस्पिटल लगिएकोमा उपचारको क्रममा कुमरको बिहान ६ बजेर ५५ मिनेटको समयमा मृत्यु भएको थियो। घाइते राउतको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ।

# मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१२, गोन्द्राङमा मोटरसाइकलले ठक्कर दिँदा एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ३ वर्षीय विमर्श श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार साँझ ६ बजेर १० मिनेटको समयमा नम्बर नखुलेको मोटरसाइकलले ठक्कर दिँदा श्रेष्ठ गम्भीर घाइते भएका थिए । घाइते श्रेष्ठलाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा राति ८ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

ठक्कर दिने मोटरसाइकल फरार रहेको र खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

# तेक्वान्दो खेलाडीलाई बिदाइ



समाज संवाददाता

हेटौंडाः भारतको नयाँ दिल्लीको नाइडामा हुन लागेको फस्ट प्राइममिनिस्टर कप आमन्त्रण तेक्वान्दो प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई बिदाइ गरिएको छ। २ दिनसम्म सञ्चालन हुने प्राइममिनिस्टर कप आमन्त्रण तेक्वान्दो प्रतियोगितामा सहभागी हुने ९ जना खेलाडीहरुलाई शनिबार बिदाइ गरिएको हो ।

प्रतियोगितामा सहभागी हुने खेलाडीमा रवीन्द्र डंगोल, शिवहरि राई, संयोग माझी, प्रसान पौडेल, रोनम दूधराज, दिवस बुढा रहेको मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका सचिव बिक्रम लामिछानेले जानकारी दिनुभएको छ । प्रतियोगितामा सहभागी हुने खेलाडीहरुसँगै रेफ्री निरुकुमारी मगर र सचिव लामिछाने जानुभएको छ ।

प्रतियोगिता प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यसअघि हेटौंडा उपमहानगरपालिकाबाट बागमती प्रदेशस्तरीय जुनियर आमन्त्रण तेक्वान्दो प्रतियोगितामा २० जना सहभागी भएर ५ जना खेलाडीहरुले पदक प्राप्त गर्न सफल भएका थिए ।

# ६० प्रतिशत ढुवानी व्यवसायीबाटः निगम कार्यकारी निर्देशक साह

समाज संवाददाता

हेटौंडाः नेपाल आयल निगमका कार्यकारी निर्देशक नगेन्द्र साहले आयल निगमको ६० प्रतिशत काम ढुवानी व्यवसायीले गरेको बताउनुभएको छ । शनिबार मध्यमाञ्चल पेट्रोलियम ढुवानी व्यवसायी संघको १३ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशनका लागि हेटौंडा आइपुग्नुभएका कार्यकारी निर्देशक साहले यस्तो बताउनुभएको हो ।

उहाँले पेट्रोल ढुवानीमा व्यवसायीको ठूलो सहयोग रहेको बताउँदै अधिवेशनमा सहमतिमा जानसमेत आग्रह गर्नुभयो । पछिल्लो समय पाइपलाइन विस्तार हुँदा ढुवानी व्यवसायीमा केही असर पर्न गएको उहाँको भनाइ छ । नेपालमा केही समय आर्थिक मन्दी भएका कारण पेट्रोलियम पदार्थ आयात घटेकाले ढुवानीमा समस्या हुने गरेको व्यवसायीको भनाइ थियो ।

कार्यकारी निर्देशक साहले गत वर्ष अघिल्लो वर्षको तुलनमा २ प्रतिशतले पेट्रोल बढी आएको तर डिजल केही कम आयात भएको बताउनुभयो । पाइपलाइन विस्तार हुँदा ढुवानी व्यवसायीले मर्कामा परेको भनेता पनि आयल निगमले वार्षिक ६ देखि ७ अर्ब रुपैयाँ ढुवानीबापत भुक्तानी गर्दै आएको उहाँले जानकारी गराउनुभयो।

विगतका दिनमा ढुवानीमा प्रयोग भएको सवारी साधन भारतमा दुर्घटना हुँदा व्यवसायी आफैंले हेर्नुपर्नेमा अहिले निगमले बिमाको व्यवस्था गरेको उहाँको भनाइ छ। ढुवानी भाडामा केही प्राविधिक कठिनाई रहेको बताउँदै लोडिङको खर्च निगमले बेहोर्ने आश्वासन दिनुभयो। पछिल्लो समय पुराना व्यवसायीलाई सहजताका लागि नयाँ ट्याङ्कर आयातमा प्रतिबन्ध लगाएको उहाँले जानकारी गराउनुभयो ।

कार्यक्रममा नेपाल पेट्रोलियम ढुवानी व्यवसायी संघका केन्द्रीय अध्यक्ष मनोजकुमार दासले महंगी बढेसँगै निगमसँग पटकपटक ढुवानी भाडा बढाउन भनेता पनि सुनुवाई नभएको बताउनुभयो। निगमले भडा वृद्धि गर्छु भन्ने तर भाडा बढाएर नदिएको बताउनुभयो ।

ढुवानीको क्षेत्रमा विस्थापित हुनुपर्ने अवस्था नरहेको भन्दै उहाँले भन्नुभयो, 'आयल निगमले विस्तार गरेको पाइपलाइनले दैनिक ६ हजार लिटर पेट्रोल आयात गर्छ, तर प्रतिदिन ८ हजार लिटर पेट्रोल खपत हुन्छ ।' २ हजार लिटर पेट्रोल ढुवानी नै गर्नुपर्ने भन्दै उहाँले ढुवानी व्यवसायी निराश हुनुपर्ने अवस्था नभएको बताउनुभयो। पाइलाइन सबै स्थानमा पुग्न नसकेका कारण ढुवानीका साधनको आवश्यकता उत्तिकै रहेको उहाँको भनाइ छ ।

पहिले पहिले धेरै पेट्रोल चोरी हुने गरेकोमा पछिल्लो सयम बटम लोडिङका कारण चोरीको सम्भावना कम भएको उहाँले बताउनुभयो । कार्यक्रममा ढुवानी व्यवसायीले निगमले ढुवानीमा भाडा वृद्धि नगर्दा, नयाँ प्रविधिको विकास भई पाइपलाइनको विस्तार हुँदा व्यवसायबाट बाहिरिनु पर्ने अवस्था सिर्जना भएको बताएका थिए ।

कार्यक्रममा मध्यमाञ्चल पेट्रोलियम ढुवानी व्यवसायी संघका अध्यक्ष दीपक शिवाकोटीले संघले गरेको कार्य प्रगति प्रतिवेदन पेश गर्नुभएको थियो । संस्थाले मकवानपुर, चितवन, धादिङ, काठमाडौं, बारा र पर्सा गरी ६ जिल्लाहरुको ट्याङ्कर व्यवसायीहरु समेटेको जानकारी गराउँदै संस्थाको मुख्य कार्यालय हेटौंडा र शाखा कार्यालय अमलेखगञ्ज बारामा रहेको जानकारी दिनुभयो। उहाँले संस्थामा ११५ जना व्यवसायीका २२३ वटा ट्याङ्कर तथा प्रत्यक्ष निर्वाचनमा मतदान गर्ने भोट संख्या १५७ रहेको जानकारी गराउनुभयो ।

२०६८ सालदेखि संस्थाको अध्यक्ष पदमा रही सम्पूर्ण कार्यसमिति सदस्यहरुसँग समन्वय गर्दै विभिन्न उतारचढाव र चुनौतीको समाधान गर्दै आएको बताउनुभयो । बरौनी रुटमा सञ्चालित ट्याङ्करहरु दुर्घटनामा पर्दा यस संस्थाको पहलबाट विभिन्न समयमा भएका दुर्घटनाहरुको समस्या समाधान गर्न तथा नेपाली ट्याङ्कर भारतमा डाँकाबाट लुटिँदा सकुसल ट्याङ्करको उद्दार गर्न सफल रहेको जानकारी गराउनुभयो । उहाँले आगामी दिनमा पेट्रोलियम ढुवानीका ट्याङ्करहरुको दुर्घटना यसै संस्थाबाट व्यवस्थापन गर्ने, भारतको मोतीहारीबाट अमलेखगञ्जसम्म पेट्रोलको पाइपलाइन आएपछि बरौनी-अमलेखगञ्ज रुटमा सञ्चालित करिब २ सय ट्याङ्करहरु कामविहीन हुन आएको बताउनुभयो । ट्याङ्करलाई अन्य रुटहरुमा स्थानान्तरण गर्ने, संस्थामा आवद्ध व्यवसायीहरुको हकहितको निमित्त मन, वचन र कर्मले लागिरहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

# २११ औं गजलयात्रा सम्पन्न

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरको सभाहलमा २११ औं गजलयात्रा सम्पन्न भएको छ । शनिबार गजल मञ्च मकवानपुरको आयोजनामा गजलयात्रासँगै मनमाया स्मृति गजल पुरस्कार एवम् श्रीकृष्ण तालुमाया नमुना स्मृति गजल सम्मान समर्पण गरिएको गजल मञ्च मकवानपुरका सचिव हरिप्रसाद पौडेलले जानकारी दिनुभयो ।

मनमाया स्मृति गजल पुरस्कारबाट मकवानपुरको माध्यमिक तहका विद्यार्थीहरुबीच प्रतिस्पर्धा गराएर उत्कृष्ट एक जनालाई ५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित सम्मानित गरिएको छ । प्रतिस्पर्धामा सहभागी ७ जना विद्यार्थीलाई प्रमाणपत्रसहित पुरस्कृत गरिएको छ। यस्तै, श्रीकृष्ण तालुमाया नमुना स्मृति सम्मानबाटबाट आशीष न्यौपाने भावनालाई ५ हजार रुपैयाँ नगद र प्रमाणपत्रसहित सम्मान गरिएको गजल मञ्च मकवानपुरका सचिव पौडेलले जानकारी दिनुभयो ।

कार्यक्रममा गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको अध्यक्षता तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्य र साहित्यकार तुल्सी घिमिरेको विशिष्ट आतिथ्य रहेको थियो ।


# टेबल टेनिस संघको अध्यक्षमा गिरी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला टेबल टेनिस संघको अध्यक्षमा यादवराज गिरी चयन हुनुभएको छ । शनिबार भएको वार्षिक साधारणसभा तथा प्रथम अधिवेशनले गिरीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा रवीन्द्र नेपाल, सचिवमा निर्दोष लुइटेल र कोषाध्यक्षमा नितेश पौडेल चयन हुनुभएको छ। यस्तै सदस्यमा स्वीकार फुयाल, परासर वाग्ले र सुसन जोशी चयन हुनुभएको छ। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ४ वर्षको हुनेछ। साधारणसभाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मकवानपुर जिल्ला साइक्लिङ संघका अध्यक्ष संगीत श्रेष्ठले लोप हुँदै गइरहेको टेबल टेनिस खेलको विकास गर्न कार्यमा सबै खेलाडीहरु लाग्नुपर्ने बताउनुभएको छ ।

अहिलेको समयमा खेलाडीका लागि खेल खेल्ने स्थान नभएको, स्थानीय सरकारले ठाउँ उपलब्ध नगराएको कारणले गर्दा पनि मकवानपुरमा टेबल टेनिस खेल्ने खेलाडीको संख्यामा कमि आएको बताइएको छ। संघको निवर्तमान अध्यक्ष विजयराज जोशीको सभाध्यक्षमा तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्कीको प्रमुख आतिथ्यमा साधारण सभाको उद्घाटन कार्यक्रम भएको हो ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ